# थुलुङ दुधकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय मुक्ली, सोलुखुम्बु

## **विनयोजन ऐन, २०८१**

सभाबाट स्वीकृत मिति : २०८१/०३/१०

थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु को आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :-** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६०,६०,८४,००१।- (अक्षेरुपी साठ्ठी करोड साठ्ठी लाख चौरासी हजार एक मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूचि-१

### (दफा २ सँग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

**<u>आय विवरण</u>**

| स्रोत | वित्तिय समानिकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | राजश्व बाँडफाँड | समपुरक अनुदान | आन्तरिक आय |
|---|---|---|---|---|---|---|
| नेपाल सरकार | १२,२८,००,००० | ३२,३२,००,००० | १,२५,००,००० | ८,९०,००,००१ | १,००,००,००० | - |
| प्रदेश सरकार | ७८,०९,००० | १,१५,४७,००० | - | ३०,७८,००० | ९५,००,००० | - |
| अन्य | - | - | - | - | - | १,६६,५०,००० |
| जम्मा | १३,०६,०९,००० | ३३,४७,४७,००० | १,२५,००,००० | ९,२०,७८,००१ | १,९५,००,००० | १,६६,५०,००० |
| कुल जम्मा | ६०,६०,८४,००१ | | | | | |

**<u>व्यय विवरण</u>**

| स्रोत | पुँजिगत खर्च | चालु बजेट | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान |
|---|---|---|---|---|---|
| नेपाल सरकार | १२,२८,००,००० | ८,९०,००,००१ | ३२,३२,००,००० | १,००,००,००० | १,२५,००,००० |
| प्रदेश सरकार | ७८,०९,००० | ३०,७८,००० | १,१५,४७,००० | ९५,००,००० | - |
| अन्य | १,६६,५०,००० | - | - | - | - |
| जम्मा | १४,७२,५९,००० | ९,२०,७८,००१ | ३३,४७,४७,००० | १,९५,००,००० | १,२५,००,००० |
| कुल जम्मा | ६०,६०,८४,००१ | | | | |